# भाग ५

## नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

## सूचना १

नेपाल सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी खाद्य वस्तुको गुणस्तर निर्धारण सम्बन्धमा खण्ड ५०, सङ्ख्या ४२, मिति २०५७/१०/२३ को नेपाल राजपत्र भाग ३ तथा खण्ड ७०, सङ्ख्या २२, मिति २०७७/०५/२९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित आदेशमा हेरफेर गरी सो आदेशको प्रकरण ०२ को तेल तथा घ्यू (Fats and Oils) को सङ्केत नं. २.१७ पछि देहायको सङ्केत नं. २.१८ थपी सोको गुणस्तर देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**"२.१८ खाद्य पदार्थमा औद्योगिक ट्रान्स फ्याट (Industrial Trans Fat) को अधिकतम सीमा**

**१. गुणस्तरको क्षेत्र (Scope of the Quality)**

वनस्पति तेललाई हाईड्रोजिनेसन विधिद्वारा ठोस वा अर्धठोस अवस्थामा परिणत गरी वनस्पति घ्यू तथा आंशिक रुपमा हाईड्रोजिनेटेड गरिएको वनस्पति तेल तयार गर्दा उत्पन्न हुने ट्रान्स फ्याटलाई औद्योगिक ट्रान्स फ्याट भनिन्छ। यो गुणस्तर मापदण्ड उल्लिखित विधिद्वारा औद्योगिक रुपमा उत्पादन गरिएका वनस्पतिजन्य घ्यू तथा आंशिक रुपमा हाईड्रोजिनेटेड गरिएको वनस्पति तेल र यस्ता पदार्थहरू प्रयोग गरी उत्पादन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चय वा बिक्री वितरण गरिने खाद्य पदार्थमा हुने ट्रान्स फ्याटको हकमा लागू हुनेछ।

**२. गुणस्तरको सीमा (Quality Limit)**

यस गुणस्तरको क्षेत्रभित्र पर्ने खाद्य पदार्थहरूमा ट्रान्स फ्याटको मात्रा खाद्य पदार्थमा रहेको कुल चिल्लो पदार्थको तौलको २% भन्दा नबढेको हुनु पर्नेछ।

**३. लेबलिङ्ग सम्बन्धी आवश्यक प्रावधान (Essential Requirements for Labeling)**

उल्लिखित गुणस्तरको क्षेत्रले समेटेका खाद्य पदार्थहरूको लेबलमा खाद्य नियमावली, २०२७ ले तोके बमोजिमका विवरणहरू उल्लेख गर्नुका साथै अनिवार्य रुपमा ट्रान्स फ्याटको मात्रा समेत उल्लेख गर्नु पर्नेछ। उत्पादनको लेबलमा ट्रान्स फ्याटरहित (Trans Fat Free) भनी दाबी गरिएको हकमा सो खाद्य पदार्थमा रहेको चिल्लो पदार्थमा ट्रान्स फ्याटको मात्रा ०.२ ग्राम प्रति १०० ग्राम चिल्लो पदार्थको तौल भन्दा बढी हुनु हुँदैन।

**४. प्रयोगशाला विश्लेषण विधि (Method for Laboratory Analysis)**

ट्रान्स फ्याटको प्रयोगशाला विश्लेषण Official Methods of Analysis of AOAC International को Method for Trans Fat Analysis by Gas Chromatography को अद्यावधिक विधि अनुसार हुनेछ।

**५. प्रारम्भ**

यो आदेश नेपाल राजपत्रमा प्रकाशन भएको मितिले १८१ औं दिनमा प्रारम्भ हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

नेपाल सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी खाद्य वस्तुको गुणस्तर निर्धारण सम्बन्धमा खण्ड ५०, सङ्ख्या ४२, मिति २०५७/१०/२३ को नेपाल राजपत्र भाग ३, खण्ड ७०, सङ्ख्या ४१, मिति २०७७/१०/२६ को नेपाल राजपत्र भाग ५ तथा खण्ड ७३, सङ्ख्या १० मिति २०८०/०२/२५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचनाको प्रकरण १६ पछि देहायको प्रकरण १७ थप गरेकोले यो सूचना प्रकाशित गरिएको छः-

**"१७. विविध**

**१७.१ खाद्य पदार्थको सिधा सम्पर्क (Direct Contact) मा आउने कागजको प्रयोग सम्बन्धमाः**

कुनै पनि खाद्य उत्पादक, व्यवसायी वा बिक्रेताले खाद्य पदार्थको सिधा सम्पर्क (Direct Contact) मा आउने गरी मसीले लेखिएको, छापिएको वा रङ्गाइएको कागजलाई प्रयोग गर्न पाइने छैन।"

**आज्ञाले,**
**डा. रेवती रमण पौडेल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.३५।–
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।